म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- २५४ २०८१ साउन २२ गते मंगलबार 6 August 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-




# बंगलादेशी प्रधानमन्त्री हसिनाले मुलुक छाडिन्



समाज संवाददाता

काठमाडौंः बंगलादेशी प्रधानमन्त्री शेख हसिनाले मुलुक छाडेकी छिन् । निरन्तरको आन्दोलनपछि सोमबार हसिनाले प्रधानमन्त्री पदबाट राजीनामा दिएलगत्तै मुलुक छाडेकी हुन् । ढाकास्थित संवाददातालाई उद्घृत गर्दै बीबीसी विश्व सेवाले प्रधानमन्त्री हसिनाले राजीनामा दिएर मुलुक छाडेको जनाएको छ । शेख हसिना भारतको त्रिपुरा राज्य पुगेकी छिन् । अन्तर्राष्ट्रिय समाचार संस्थाहरुका अनुसार आन्दोलनकारीले आवासमै छिरेर प्रदर्शन गरेपछि देश छाडेकी उनी ढाकाबाट हेलिकप्टरमा उडेकी थिइन् । सोमबार दिउँसो उनी भारतको त्रिपुरा राज्य पुगेकी हुन् ।

यसअघि सुरक्षाका लागि भन्दै प्रधानमन्त्री हसिनासहित बहिनी शेख रेहानाले सरकारी निवास गणभवन छाडिसकेको समाचार सार्वजनिक भएको थियो । आइतबारदेखि बंगलादेशमा पुनः आन्दोलन चर्किएको हो । केही दिन मत्थर भएको सरकारविरोधी आन्दोलन पुनः चर्किएको हो । आइतबार बंगलादेशका विभिन्न ठाउँमा सरकारविरोधी प्रदर्शनका क्रममा कम्तीमा ९६ जनाको मृत्यु भएको ढाका ट्रिब्युनले जनाएको छ । 'विभेदविरोधी विद्यार्थी आन्दोलन' को ब्यानरमा भएको प्रदर्शनका क्रममा ठाउँ-ठाउँमा सुरक्षाकर्मीसँग झडप भएको बंगलादेशी सञ्चारमाध्यमले जनाएका छन् । सोमबार कम्तीमा पनि ४ लाख मानिस सडकमा उत्रिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । ढाकामा सोमबार मात्र प्रदर्शनका क्रममा ६ जनाको मृत्यु भएको छ । राजधानी ढाकामा गाउँगाउँबाट समेत प्रदर्शनका लागि मानिसहरू आएको समाचारमा उल्लेख छ ।

प्रधानमन्त्री शेख हसिनाले पदबाट राजीनामा दिएर मुलुक छाडे लगत्तै सेना प्रमुख जनरल वकेर-उज-जमानले सबै दलको सहभागितामा अन्तरिम सरकार गठन हुने घोषणा गरेका छन् । 'सबै राजनीतिक दलसँगको फलदायी छलफलपछि हामीले अन्तरिम सरकार बनाउने निर्णय गरेका छौं । हामी अहिले राष्ट्रपति मोहम्मद शाहबुद्दीनसँग कुरा गर्नेछौं ताकि स्थिति समाधान गर्न सकियोस्' उनले भनेका छन् । ढाका ट्रिब्युनका अनुसार उनले आन्दोलनको नाममा हुने सबै हिंसा बन्द गर्न आह्वान गर्दै विभेद विरोधी विद्यार्थी आन्दोलनका क्रममा भएका सबै मृत्युको नयाँ सरकारले न्याय सुनिश्चित गर्ने वाचा गरेका छन् ।

ढाका विश्वविद्यालयको कानुन विभागका प्रोफेसर आसिफ नजरुललाई विज्ञप्ति जारी गरी विद्यार्थीलाई आन्दोलन फिर्ता लिन अनुरोध गर्न भनिएको छ । सरकारविरोधी प्रदर्शनमा उत्रिएका आन्दोलनकारीले ढाकामा प्रधानमन्त्री शेख हसिनाको सरकारी निवासमा लुटपाट गरेका छन् । प्रदर्शनकारीहरूले कुर्सी र सोफा बोकेको फुटेज देखिएका छन् । राजधानी ढाकामा प्रधानमन्त्री हसिनाको सरकारी निवासमा प्रदर्शनकारीले लुटपाट गरिरहेको दृश्य अहिले फुटेजमा देखिएको बीबीसीले उल्लेख गरेको छ । केही प्रदर्शनकारीले गणभवन निवासबाट कुर्सी सोफा बोकेर लगेको जस्तो देखिन्छ ।

# ट्राफिक प्रहरीलाई नै गाडीमा हालेर भाग्न थालेपछि...

समाज संवाददाता

हेटौंडाः सवारी साधन सुरक्षाजाँच गर्ने क्रममा सिन्धुलीमा भारतीय नागरिकले ट्राफिक प्रहरीलाई नै नियन्त्रणमा लिएका छन् । सिन्धुलीको हिरापानी भन्ने स्थानमा नियमित सुरक्षाजाँच चलिरहेका बेला भारतीय सवारीमा आएका ५ जनाले सुरक्षाजाँचका क्रममा अटेर गर्दै ट्राफिक प्रहरीलाई नै नियन्त्रणमा लिएका हुन् ।

राजमार्ग क्षेत्रमा नियमित रुपमा हुने सुरक्षाजाँचका क्रममा भारतीय गाडीमा आएका ५ जनाले ड्युटीमा खटिएका सहायक प्रहरी हवल्दार सन्तोष नारायण दासलाई नियन्त्रणमा लिएका थिए । गत साउन १२ गते कमलामाई नगरपालिका-४ हिरापानी चेकपोष्टमा खटिएका दासलाई भारतीय नागरिकहरुले नियन्त्रणमा लिएर गाडी भित्र हालेर हिँडेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार डुग्रेबास प्रहरी चौकीबाट टोली खटिई नियमित रुपमा २४ घण्टा सो स्थानमा सुरक्षाजाँच हुने गर्दछ ।

सोही क्रममा साउन १२ मा धार्मिकस्थल दर्शन गर्न निलो रंगको बिआर-२२-एपी ७३२१ नम्बरमा आएका ५ जनालाई सुरक्षाजाँच गर्ने क्रममा दासलाई नियन्त्रणमा लिइएको प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिनुभयो । सिन्धुलीको चियाबारी नजिकै रहेको सुरक्षाजाँच स्थलमा सो गाडीमा आएका ६ जना भारतीयले चालकको बायाँतर्फको झ्यालबाट प्रहरी सहायक हवल्दार दासलाई जवरजस्ती भित्र तानेका थिए ।

सुरक्षाजाँचको सुरुवातदेखि नै शंकास्पद हर्कत गरी रहेका उनीहरुले मादक पदार्थ सेवन गरी प्रहरीलाई कागजपत्र नदिने, जिस्कने, हेप्ने जस्ता क्रियाकलाप गरिरहेका थिए । मापसे जाँच गरिरहेका दासलाई गाडी भित्र हालेर उनीहरु भागेका थिए । सुरक्षाजाँचस्थलमा रहेका अन्य प्रहरीले घटना देखेपछि गाडी रोक्ने प्रयास गरेपनि उनीहरु भागेका थिए । सो लगत्तै सुरक्षाजाँचस्थलमा रहेका अन्य प्रहरीले मोटरसाइकलमा पिछा गरेर विपरित दिशाबाट आएको सवारीको मद्दतबाट उनीहरुलाई नियन्त्रणमा लिन सफल भएको प्रहरी उपरीक्षक काफ्लेले बताउनुभयो ।

सुरक्षाजाँचस्थलभन्दा ३०० मिटर अगाडिबाट गाडीसहित ५ जना भारतीयलाई नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो । प्रहरी उपरीक्षक काफ्लेका अनुसार दासलाई जवरजस्ती गाडीमा राखेर लाने भारत सितामढी सरखण्डका २५ वर्षीय मुकेश कुमार, बथनाहका ३८ वर्षीय दिलिप कुमार, समस्तीपुरका ३५ वर्षीय अविनाश कुमार, सितामाढी नस्लपुरका ४२ वर्षीय रामानन्द प्रसाद र सितामढी सुरखण्डका ३४ वर्षीय आनन्द प्रकाशलाई प्रहरीले पक्राउ गरिएको छ । पक्राउ गरिएका उनीहरुलाई अपहरण तथा शरीर बन्दकको मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभएको छ ।

# फास्ट ट्र्याकको धेद्रे सुरुङको 'ब्रेक थ्रु'

समाज संवाददाता

हेटौंडाः निर्माणाधीन द्रूत मार्ग (फास्ट ट्र्याक) को धेद्रे सुरुङको ब्रेक थ्रु भएको छ । सोमबार एक समारोहका बीच प्रधानमन्त्री केपी शर्मा ओलीले स्थलगत रुपमा सो सुरुङको ब्रेक थ्रु गर्नुभएको हो ।

मकवानपुरको बकैया गाउँपालिकास्थित धेद्रे सुरुङको काम पोलि छङ्गदा निर्माण कम्पनीले ठेक्का लिएर काम गरिरहेको छ । यससँगै फास्ट ट्र्याक अन्तर्गतको ठेक्का सम्झौता भएको प्याकेज नम्बर २ का सबै सुरुङको ब्रेक थ्रु भएको छ । फास्ट ट्र्याक अन्तर्गतको १.६५ किलोमिटर लम्बाईको सो सुरुङको दुवै तर्फको ब्रेक थ्रु गरिएको हो । यसअघि गत जेठमा उक्त सुरुङको मकवानपुर तर्फको खण्डको ब्रेक थ्रु गरिएको थियो भने हाल सुरुङको काठमाडौंतर्फको १.७२८ किलोमिटर दूरी खनेर ब्रेक थ्रु गरिएको हो । फास्ट ट्र्याकको कुल ७०.९७७ किलोमिटर दुरी मध्ये १०.३०९ किलोमिटर सुरुङमार्ग रहेको छ ।






सम्पादकीय

# भागेर समस्या समाधान हुन्न

बागमती प्रदेशको एकमात्र उपमहानगरपालिका हो, हेटौंडा । हेटौंडा बागमती प्रदेशको राजधानीसमेत हो । काठमाडौं उपत्यका र भरतपुरपछिको प्रदेशको ठूलो शहर हेटौंडा नै हो । हेटौंडा उपमहानगरपालिकाको विकास निर्माण र अन्य क्रियाकलापलाई प्रदेशका मात्र होइन, देशका नगरपालिकाले नजिकबाट हेरिरहेका हुन्छन् । प्रदेशको राजधानी रहेको उपमहानगरपालिका र यहाँका जनप्रतिनिधिको कार्यशैली अरुका लागि उदाहरण हुनुपर्छ । तर, पछिल्लो समय हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधिको कार्यशैली सन्तोषजनक नभएको मात्र होइन, विवादितसमेत बन्ने गरेको छ । उपमहानगर पालिकाका प्रमुख र उपप्रमुखलगायत केही वडा अध्यक्षको कतिपय क्रियाकलापलाई आम नगरबासीले रुचाएका छैनन् । राजनीति गर्नेहरुले अन्य दल सम्बद्ध जनप्रतिनिधिले गरेका राम्रो कामको पनि आलोचना गर्छन् नै, तर स्वतन्त्र नागरिकको रुपमा मूल्यांकन गर्दासमेत हेटौंडा उपमहानगरपालिकाको कतिपय निर्णय र कार्यहरु चित्त बुझाउन सक्ने अवस्था छैन ।

नागरिकको घरदैलोको सरकार मानिने स्थानीय सरकारप्रति नागरिकको आशा र भरोसा बढी नै हुन्छ । देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपछि नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार छ । संविधानले यी तीनै तहको सरकारको एकल र साझा अधिकारको स्पष्ट व्यवस्था गरेको छ । संविधानले स्थानीय सरकारलाई थुप्रै अधिकार दिएर अधिकारसम्पन्न र शक्तिशाली बनाएको छ । नागरिकको प्रत्यक्ष सम्पर्कमा रहेर उनीहरुको समस्या र पिर मर्कालाई उचित सम्बोधन गर्नुपर्ने दायित्व रहेको स्थानीय सरकार नागरिकबाट टाढिनु हुँदैन । तर, हेटौंडा उपमहानगरपालिका सरकारले भने नगरबासीको समस्या र गुनासोलाई बेवास्ता गर्दै आएको छ ।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि लागू गरेको विभिन्न शीर्षकको व्यावसायिक कर तथा राजश्वको नयाँ दरले उपमहानगर सरकार फेरि एक पटक आलोचित बनेको छ । करको नयाँ दरका कारण व्यवसायी मारमा पर्ने भन्दै स्थानीय सरकारको नेतृत्वलाई भेट्न खोज्दा तर्केर हिँड्ने गरेको व्यवसायीको गुनासो छ ।

हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि निर्धारण गरेको करको दर उच्च भएको भन्दै त्यसलाई पुनरावलोकन गर्न आग्रहसहित नगरप्रमुख मीनाकुमारी लामालाई व्यवसायीले भेट्न खोजेका थिए । तर, शुक्रबार दिउँसो व्यवसायीले भेट्न खोज्दा सन्चो छैन भन्नुभएकी नगरप्रमुख लामा सोही समय स्कुटरको शोरुम उद्घाटन गर्न व्यवसायीकै कार्यक्रममा सहभागी भएको पाइयो । नगरप्रमुखलाई भेटिने अवस्था नभएपछि व्यवसायीले उपप्रमुख राजेश बानियाँलाई ध्यानाकर्षणपत्र बुझाए । शुक्रबारै नगर प्रमुखलाई भेट्न खोजेको निर्माण व्यवसायी संघ मकवानपुरले आइतबारलाई समय मागेका थिए । आइतबार नगरप्रमुख र उपप्रमुख नभेटिएपछि निर्माण व्यवसायीले प्रमुख प्रशासकीय अधिकृतलाई ज्ञापनपत्र बुझाएका छन् । पर्याप्त छलफल र औचित्य पुष्टि नगरी नगरबासी र व्यवसायीलाई मर्का पर्ने गरी डेढ गुनासम्म कर वृद्धि गरेपछि नगरप्रमुख भेट्न खोजेका व्यवसायीसँग भेट्नै नखोज्नु र भागिरहनुले स्थानीय सरकारप्रतिको विश्वास थप कमजोर हुने अवस्था बनेको छ ।

राजश्व परामर्श समिति, नगरसभा तथा अन्य सरोकारवालासँग पर्याप्त छलफलबिना एक्कासी करको दरमा वृद्धि भएपछि स्थानीय सरकारप्रति अविश्वासको वातावरण बनेको छ । अहिले औद्योगिक तथा व्यावसायिक क्षेत्रमा मन्दी चलिरहेको अवस्थामा उपमहानगरपालिकाले सहुलियत दिएर उनीहरुको विश्वास आर्जन गर्नु उचित हुन्थ्यो । उपमहानगरपालिकाले राजश्व र करको दरमा वृद्धि गर्नुको आवश्यकता र औचित्यसहित व्यवसायी र घरधनीको प्रतिनिधिसँग छलफल गर्नुपर्छ । नेतृत्व गर्ने व्यक्ति समस्यासँग भागेर त्यसको समाधान हुँदैन । समस्याबारे सबै पक्षसँग छलफल र परामर्श गरेर त्यसको समाधान खोज्ने हो । स्थानीय तहको व्यवस्थापिकाको रुपमा रहेको नगर सभाबाटै अहिलेको जटिलतालाई समाधान गरिनु अझ सान्दर्भिक हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : कार्यसम्पादन बढ्ने समय योग छ । |
| वृष | : कार्यक्षमतामा प्रतिष्ठा कमाउने समय योग छ । |
| मिथुन | : मानसिक तनावमा कमि आउने समय योग छ । |
| कर्कट | : चित्त दुखाएर लाभ नलिँदा राम्रो रहने समय योग छ । |
| सिंह | : मित्रको बन्धन कसिलो समय योग रहेको छ । |
| कन्या | : लडेका कामबाट विशेष सफलता प्राप्त गर्दैछ । |
| तुला | : प्राज्ञिक गतिविधीका कामबाछ लाभ प्राप्त होला । |
| वृश्चिक | : आपसी तालमेल र पारिवारिक मिलन प्राप्त होला । |
| धनु | : भाग्यबल बढ्ने समय योग रहेको देखिन्छ । |
| मकर | : आर्थिक अवस्थामा सहज परिवेश रहने समय छ । |
| कुम्भ | : उन्नतिको पथमा निरन्तर अगाडि बढिने छ । |
| मीन | : कल्पना र मनमा केन्द्रितभइने समय योग छ । |

# विद्यालय स्वास्थ्यमा सरोकारवालाको भूमिका



प्रा. दुर्गा खड्का मिश्र
जनस्वास्थ्यकर्मी

हरेक बालबालिकाका लागि आफ्नो घर पहिलो पाठशाला हो भने आमा-बाबु (अभिभावक) प्रथम शिक्षक हुन् । जब बालबालिकाहरु साना/ कलिला अवस्थाका हुन्छन् । उनीहरुको समग्र वृद्धि-विकासका लागि माया, स्वच्छ वातावरण, स्वस्थ तथा सन्तुलित भोजन, खेलकुद, व्यायाम, आराम, खोप, मनोरञ्जन आदि सबै कुराहरुको बारेमा ख्याल राख्नु परिवारको मुख्य भूमिकामा पर्न आउँछ । खासगरी विकसित मुलुकहरुमा हरेक दम्पतिलाई विवाह पूर्व नै असल अभिभावकत्वका विषयमा परामर्श सेवा प्रदान गरिन्छ । तर, हाम्रो देश नेपालमा यस प्रकारको प्रणालीको विकास भइसकेको छैन । साथै बच्चा जन्मिई सकेपछि कस्ता-कस्ता चिजहरुमा ध्यान दिनु पर्छ भन्ने कुराको पनि कमै अभिभावकहरुलाई थाहा छ । धेरै जसो नयाँ बाबु-आमाले त आफ्ना बच्चाको हेरचाह सम्बन्धी ज्ञान, जानकारी र सीप आफ्ना आमा, सासु, दिदी, जेठानी, भाउजु, आमाजू अथवा समुदायमा भएका जान्ने बुझ्नेहरुसँग प्राप्त गर्ने गरेको पाइन्छ । आजभोलि सामाजिक सञ्जाल, रेडियो, टिभी तथा अनलाइन, पत्रपत्रिकाबाट स्वास्थ्य सम्बन्धी जानकारी प्राप्त हुने गरेका छन् भने कतिपय समयमा यस्ता सूचनाहरु मात्र पर्याप्त नहुने, सही पनि नुहुने हुन्छन् ।

बच्चाहरुको दोश्रो घर भनेको उनिहरुको विद्यालय हो जहाँ उनीको ८ देखि १२ घण्टा दैनिक बित्ने गर्छ । पहिला-पहिलाको चलनमा बच्चाहरुलाई ६ वर्ष पुगेपछि मात्रै विद्यालय पठाउने गरिन्थ्यो तर आजकाल बच्चा तोते बोली बोल्दै गर्दा आमा-बाबु वा अन्य व्यक्तिहरुले पिठ्युँमा बोकेरै भए पनि विद्यालय पठाउने गरेका छन् । हिजोका दिन भन्दा आजभोलि अभिभावक धेरै व्यस्त भएका छन् । बालबच्चाको भरण-पोषण निक्कै चुनौतिपूर्ण बन्दै गएको छ । त्यसैले बच्चालाई कलिलै (अत्यन्तै) उमेरमा स्कुल पठाउनु पर्ने बाध्यता छ भने अर्कातर्फ धेरैजसो बाबु-आमाले एउटामात्र बच्चा जन्माउने प्रचलन पनि बढ्दै गएको छ । जसका कारण घरमा बच्चा एक्लै हुने र खेल्ने साथीहरु पनि नपाउने हुँदा प्रि-स्कुल, बालविकास केन्द्रहरुमा साथीहरु पनि प्रसस्त हुने, खेल्ने, पढ्न, रमाउन र सिक्न पनि पाउने हुन्छन् । यसले उनीहरुका समग्र विकासका लागि सहयोग पनि पुर्याउन सक्छ । अर्कोतर्फ अत्यन्तै फस्टाएको व्यापार मध्ये निजी विद्यालय संचालन पनि एक पर्दछ भन्नुमा अतिसयुक्ति नहोला । सरकारी विद्यालयहरु (केही बाहेक) अधिकांशमा न्युन आयस्तर भएका अभिभावकका बच्चाहरु अध्ययन गर्न जाने र कतिपय विद्यालयमा त विद्यार्थी भन्दा शिक्षकको संख्या बढी भएको पनि सुन्नमा र देख्नमा आएको छ ।

सरकारले विद्यालय शिक्षालाई स्तर वृद्धि गर्दै लैजाने क्रममा केहि सरकारी विद्यालयहरुमा विद्यालय नर्सहरु पनि प्रावधान गरेको छ भने अधिकांश विद्यालय (सरकारी वा निजी) हरुमा त्यो व्यवस्था हुन सकेको पनि छैन अधिकांश (नाम चलेका वाहेक) निजी विद्यालयहरु प्रचारका लागि मात्र स्थापना भएका छन् । उनीहरुले भौतिक पूर्वाधारहरुमा खासै ध्यान पुर्याएको देखिँदैन । कक्षा-कोठा भित्र पर्याप्त हावा ओहोर-दोहोर नहुने अँध्यारो, ओसिलो छिडी जस्ता कक्षा कोठामा निकै सकसपूर्ण तरिकाले अध्यापन गराउने गरेको पनि भेटिन्छन् ।

धेरैजसो विद्यालयमा शौचालय र खानेपानी साथै सरसफाई पनि निकै दयनीय अवस्थामा रहेको देख्न सकिन्छ । यसमा विद्यालय व्यवस्थापनले विशेष ध्यानदिनु पर्ने देखिन्छ । हरेक विद्यालयमा स्वास्थ्य सम्बन्धी हेरचाह, निगरानी गर्ने इकाई हुनु अत्यन्त जरुरी हुन्छ । गर्मीयाममा धेरैजसो बालबालिकाहरु विरामी पर्ने गरेका भेटिन्छन् । खासगरी सरसफाइको कमि र पानीजन्य, खाद्यजन्य र स्वासप्रश्वास सम्बन्धी रोगबाट धेरै बच्चाहरु आक्रान्त भएको देखिन्छ । दुषित् खाना तथा पानीबाट विभिन्न रोगहरुमा जस्तै झाडा-पखला, आउँ, हैजा, टाइफाईड, जण्डिस जस्ता रोगहरुबाट पीडित हुने गरेका छन् । रुघाखोकी, दादुरा, ठेउला, घाउ, खटिरा र छालाका अन्य रोगहरु पनि लाग्ने गर्दछ । बच्चाहरुमा कुपोषणको समस्याहरु पनि निक्कै देखा परेका छन् । खासगरी मोटोपना शहरी विद्यालयहरुमा, पुड्को, आँखाको समस्या आदि ।

बच्चाहरु विरामी पर्दा खासगरी सरुवा रोग लागेको अवस्थामा घरमै राखी हेरचाह गर्नु जरुरी हुन्छ । किनभने बिरामी बच्चालाई रोग लाग्दा कमजोर पनि भएको हुने, राम्रोसँग खाना नखाने, सिकाइमा पनि असर परिरहेको हुन्छ, भने उक्त रोगी बच्चाहरुले अन्य निरोगी बच्चाहरुलाई, हेरालुहरुलाई तथा शिक्षक, कर्मचारीहलाई रोग सार्न सक्ने र त्यसपछि उनीहरुले परिवारका अन्य सदस्यहरुलाई पनि रोग सार्न सक्छन् । फलस्वरुप उक्त बच्चा, अन्य बच्चा, शिक्षक, कर्मचारी तथा उनीहरुका घर परिवारमा रोग फैलिन गई समाज नै रोगी बन्न सक्छन् । यसले व्यक्तिगत तथा राज्यलाई नै बिरामीको भार थपिरहेको छ ।

त्यसैले राज्यको नीति निर्माण तहदेखि नीति नियम लागु गराउने निकाय समेतले विद्यालय स्वास्थ्यमा ध्यान पुर्याउनु पर्ने जरुरी देखिएको छ । बेलाबखत स्थानीय सरकारले शिक्षकहरुसँग अन्तक्रिया गर्ने, अनुगमन तथा सुपेरीवेक्षण गर्ने, स्थानीय स्रोत साधनको सदुपयोग गर्ने, खानेपानी, सरसफाईको राम्रो व्यवस्था र्ने विद्यालयको वातावरण स्वच्छ राख्ने, पूर्ण खोप निश्चित गर्ने, शिक्षक तथा अभिभावकको क्षमता अभिवृद्धि गर्ने, ठूला विद्यार्थीलाई आफ्नो तथा साना भाइबहिनीलाई स्वास्थ्यको ख्याल कसरी राख्ने भन्ने जस्ता ज्ञान, सीप तथा व्यवहार परिवर्तन गर्ने तालिम, अभिमुखीकरण आदि गर्न सकिन्छ ।

# आउँदैनन् १६ लाख पर्यटक

निनाम लोवाती

सन् २०२४ को जुलाई महिनासम्ममा नेपालमा ६ लाख ४७ हजार ६ सय १५ जना विदेशी पर्यटक भ्रमण गर्न आएका छन् । पछिल्लो तथ्यांकअनुसार २०२४ को जुलाईमा केवल ६४ हजार ५ सय ९९ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरे । स्मरण रहोस्, यो संख्या सन् २०२४ को सात महिना अवधिमा सबैभन्दा कम हो, विदेशी पर्यटक आगमनको । यसरी हेर्दाखेरि १६ लाख पुग्न बाँकी पाँच महिनामा ९ लाख ४ हजार विदेशी पर्यटक नेपाल भ्रमणमा आउनुपर्ने हुन्छ । त्यसका लागि महिनैपिच्छे १ लाख ६० हजार चानचुन विदेशी पर्यटक नेपाल भ्रमण गर्नका लागि आउनुपर्ने हुन्छ, जुन संख्यामा विदेशी पर्यटक आउन असम्भव छ ।

हुन पनि हामी नेपाली जे कुरा पनि हचुवाका भरमा गर्छौं । नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटकको वार्षिक संख्याको कुरोलाई नै लिऊँ । सन् १९९८ मा ५ लाख विदेशी पर्यटक भित्र्याउने भनी नेपाल भ्रमण वर्ष घोषणा गरेका थियौं भने सन् २०११ मा १० लाख विदेशी पर्यटक नेपाल भित्र्याउने घोषणा गरेका थियौं । त्यस्तै गरेर सन् २०२० मा पनि 'नेपाल भ्रमण वर्ष-२०२०' घोषणा गर्दै २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएका थियौं । संयोगले सन् २०१९ को डिसेबर महिनाको अन्त्यतिर कोरोना महामारी (कोभिड-१९) सुरु भयो । त्यसले हाम्रो नाक जोगियो भन्नुपर्‍यो । नत्रभने संख्याको हिसाबमा हामीले त्यो बेला पनि नराम्रोसँग फेल खानेवाला थियौं ।

हुन त हिजोआज नेपालमा मात्रै नभएर विश्वका प्रायः सबै मुलुकमा पर्यटकीय गतिविधि बढेको अवस्था छ । भनिन्छ, हिजोआज जुनसुकै देशका मानिस कमाउने, रमाउने र मनोरञ्जन गर्ने खालका हुन्छन् । उनीहरू त्यसका लागि स्वदेश-विदेशमा घुम्न जाने गर्छन् । हाम्रो देश नेपाल 'मास टुरिस्ट'को त प्रमुख गन्तव्यकै रूपमा विकसित हुँदै गइरहेको



देखिन्छ । त्यसले गर्दा अझै पनि नेपाल सरकारले तुरुन्तै विभिन्न देशमा अन्तर्राष्ट्रिय हवाई उडान सुरु गरेदेखि नेपालमा धेरै ठूलो परिमाणमा विदेशी पर्यटक भित्र्याउन एवम् नेपालको पर्यटन प्रवर्द्धन गर्नका लागि सन् २०२४ को बाँकी पाँच महिनामा धेरै नै गर्न सकिन्छ । तर, नेपाल सरकारले तुरुन्तै त्यस्तो जादुमयी काम गरिहाल्ने छाँटकाँट नै देखिँदैन ।

विभिन्न देशमा तुरुन्तै अन्तर्राष्ट्रिय हवाई उडान थप्न सके अझै पनि वार्षिक रुपमा १५-१६ लाख मात्रै होइन, २०-२२ लाखसम्म सजिलै पुग्न सक्ने सम्भावना देखिन्छ । तर, तत्काल त्यो सम्भावना भने देखिँदैन । किनभने बाह्य देशसँग हवाई यातायातको विस्तार नभई जसले जस्तोसुकै गफ लगाए पनि हाम्रो देश नेपालमा विदेशी पर्यटकको संख्या धीमा गतिमा नै सीमित रहने देखिन्छ । अझ इयुले सन् २०१३ देखि गर्दै आएको नेपाली हवाईजहाजमाथिको (हवाई उडानसम्बन्धी) कालोसूची अर्थात् 'ब्ल्याक लिस्ट'को राजनीतिलाई उसले अर्को ६ महिना कायमै राख्ने घोषणा गरेको छ, केही समयअघि ।

त्यसैले चालु आर्थिक वर्ष २०८१-८२ को बजेट भाषण गर्ने क्रममा अर्थमन्त्री वर्षमान पुनले यस वर्ष १६ लाख विदेशी पर्यटक भित्र्याउने जुन लक्ष्य लिएका थिए, नेपाल सरकारको सो लक्ष्य पूरा नहुने निश्चित नै छ । यसमा शंकाको नजरले हेर्नुपर्ने कुनै कारण अब नरहने भयो । हुन पनि हामी नेपाली कामभन्दा कुरो गर्न अलि अगाडि नै छौं, छिटो पनि छौं । त्यसैले बजेट भाषण सकिएलगत्तै विभागीय मन्त्री अर्थात् संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले यस वर्ष (वि.सं. २०८१ मा) १६ लाख विदेशी पर्यटक भित्र्याउनका लागि सरकारले काम गरिरहेको बताउनुभएको थियो । हेरौं, सरकारले यस वर्ष १६ लाख विदेशी पर्यटक पुर्‍याउन के त्यस्तो जादुमयी काम गर्दै छ ? के सरकारले तुरुन्तै अन्तर्राष्ट्रिय हवाई सेवा थप्न लागेको छ ? मानौं, नेपाल सरकारले कुनै त्यस्तो जादुमयी काम गर्न आँटेको छ, जुन कामका कारण अबको नौ महिनामा सजिलैसँग साढे १३ लाख हाराहारी विदेशी पर्यटक नेपाल आउनेछन् । तर, नेपाल सरकारले पक्कै पनि त्यस्तो काम गरिरहेको त छैन होला ? तथापि पनि नेपाल सरकारले आर्थिक वर्ष २०८१-०८२ मा १६ लाख विदेशी पर्यटक नेपाल भित्र्याउने सो लक्ष्य पूरा गर्नका लागि के गर्दा सफल होला त ? छोटो चर्चा गरिनेछ ।

जिडिपीमा भने नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकबाट खासै योगदान पुग्न सकेको देखिँदैन । 'द ग्लोबल इकोनोमी डटकम' का अनुसार सन् २०२० मा नेपाल भ्रमण गर्न आएका विदेशी पर्यटकको योगदान ०.७१ प्रतिशत रहेको देखिन्छ । त्यसो त सन् २०२० मा पर्यटनबाट जिडिपीमा सबैभन्दा धेरै योगदान आरुबा नामक सानो टापु देशको रहेको देखिन्छ । जुन देशको जिडिपीमा पर्यटनको योगदान ४१.२६ प्रतिशत रहेको छ भने दोस्रोमा माल्दिभ्स रहेको छ । माल्दिभ्सको जिडिपीमा पर्यटनको योगदान ३७.६१ प्रतिशत छ । त्यस्तै गरेर तेस्रोमा मकाउ रहेको छ । मकाउको जिडिपीमा पर्यटनको योगदान ३७.०७ प्रतिशत रहेको छ । उता चौथो स्थानमा रहेको एन्टिगुवा एन्ड बारबाडोसको जिडिपीमा पर्यटनको योगदान २९.३७ प्रतिशत रहेको छ भने पाँचौंमा सेसेल्स रहेको छ । एकदमै सानो टापु देश सेसेल्सको जिडिपीमा पर्यटनको योगदान १९.२६ प्रतिशत रहेको छ । स्मरण रहोस्, माथिका सबै देश स-साना टापु देशहरु हुन् ।

त्यस्तै तथ्यांककै कुरो गर्दा 'द ग्लोबल इकोनोमी डटकम' कै सन् २०२० मा प्रकाशित तथ्यांकअनुसार पर्यटन क्षेत्रबाट विश्वमा सबैभन्दा कम जिडिपीमा योगदान गर्ने पाँचवटा देशको सूची यहाँ प्रस्तुत गरिएको छ । समग्र पर्यटन क्षेत्रबाट जिडिपीमा सबैभन्दा कम योगदान गर्ने पाँचवटा देशको सूचीमा, (१) गिनिया भन्ने सानो अफ्रिकी देशको समग्र पर्यटन क्षेत्रमा जिडिपीको योगदान ०.०१ प्रतिशत रहेको छ । (२) अल्जेरियाको जिडिपीमा समग्र पर्यटनको योगदान ०.०३ प्रतिशत रहेको छ । (३) अंगोलाको जिडिपीमा पर्यटन क्षेत्रको योगदान ०.०४ प्रतिशत रहेको छ । (४) बंगलादेशको जिडिपीमा समग्र पर्यटन क्षेत्रको योगदान ०.०६ प्रतिशत रहेको छ र (५) नाईजेरियाको जिडिपीमा समग्र पर्यटन क्षेत्रको योगदान ०.०७ प्रतिशत रहेको छ ।

त्यसो त सन् २०२३ मा विश्वमा ९ सय ७५ मिलियन पर्यटक विश्वभरिका विभिन्न देश भ्रमण गर्न निक्लेका थिए भने सन् २०२४ मा चाहिँ भने हालै एक तथ्यांक आएको छ । सो तथ्यांक हालसालै संयुक्त राष्ट्रसंघ मातहत रहेको विश्व पर्यटन संगठन (डब्लुटिओ)

...बाँकी पृष्ठ ३ मा

# किन छिर्न थाले बाघ शहरी क्षेत्रमा ?

समाज संवाददाता



हेटौँडाः चितवनको नारायणगढ बजार नजिकै एक व्यक्तिलाई बाघले आक्रमण गर्‍यो । ६० वर्षीय पुरुषलाई आइतबार बिहान बाघले आक्रमण गरेको जिल्ला प्रशासन कार्यालय चितवनले जनाएको छ । चितवनका सहायक प्रमुख जिल्ला अधिकारी चिरन्जीवी शर्माका अनुसार भरतपुर महानगरपालिका-१ नारायणी नदी किनार 'पोखरा बसपार्क'मा बाघले आक्रमण गर्दा भरतपुर महानगर पालिका-२ बेलटाँडीका पशुपति श्रेष्ठ घाइते भएका छन् । बाघको आक्रमणका कारण श्रेष्ठको मुख र हातमा चोट लागेको सहायक प्रजिअ शर्माले बताउनुभयो । श्रेष्ठको भरतपुरस्थित चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ ।

विहान व्यायाम गर्न निस्केका श्रेष्ठलाई बाघले आक्रमण गरेको उहाँले बताउनुभयो । अधिकांश मानिसहरुको व्यायाम गर्ने क्षेत्र भएकाले श्रेष्ठ पनि सोही क्षेत्रमा व्यायामका लागि पुगेको र सोही क्रममा उहाँलाई बाघले आक्रमण गरेको सहायक प्रजिअ शर्माले बताउनुभयो । घटनास्थल नजिकै खोलाको बगरमा बाक्लो काँसको घारी रहेको र सोही काँसको घारीमा लुकेर बाघले श्रेष्ठलाई आक्रमण गरेको सहायक प्रजिअ शर्माको भनाई छ । काँसघारीमा लुकेर बसेको बाघले अचानक श्रेष्ठलाई आक्रमण गर्दा उहाँको पाखुरामा गहिरो चोट लाकेको छ भने मुख र ढाडमा पनि चोट लागेको प्रजिअ शर्माको भनाई छ। श्रेष्ठलाई बाघले आक्रमण गरी घिसार्न थालेपछि व्यायाम गरिरहेका अन्य मानिसहरु कराएपछि बाघ पुनः सोही काँसघारीमा परेको सहायक प्रजिअ शर्माले बताउनुभयो। बाघको खोजीका लागि निकुञ्जको टोली ३ वटा हात्तीमा परिचालन गरेर आइतबार राती ८:४५ बजे बाघलाई डार्ट गरी नियन्त्रणमा लिइएको थियो ।

चालु आर्थिक वर्षमा मात्र बाघको आक्रमणबाट ४ जनाको मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जको तथ्यांक रहेको छ । निकुञ्जको क्षेत्राधिकार भित्र मात्र बाघले आक्रमण गरेर उनीहरुको मृत्यु भएको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेश तिवारीले जानकारी दिनुभयो ।

## 'विकास बाघको बासस्थानसम्म पुग्यो'

मानवीय क्रियाकलापका कारण बाघ र मानिस बीचको द्वन्द्व बढिरहेको अनुसन्धानकर्ताहरु बताउँछन् । मानिस बाघको प्राकृतिक आहार नभएकाले पनि बाघले सोझै आक्रमण नगर्ने उनीहरुको भनाई छ । बाघ विज्ञ एवम् राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत डा. झमक बहादुर कार्कीका अनुसार मानिसहरु विकासको क्रममा अघि बढ्दा बाघको क्षेत्रमा पुगेका हुन् । जंगल वस्तीसँग जोडिएको वा बाघ राती हिँड्ने भएकाले आफ्नो मुभमेन्टका क्रममा झुक्किएर मानव वस्तीमा प्रवेश गर्न सक्ने बाघका विषयमा पिएचडी गर्नुभएका कार्कीले बताउनुभयो । सो अवस्थमा मानिससँग जम्काभेट हुँदा मात्र दुर्घटना हुन सक्ने र साधारणतया नरभक्षी भइसेकको बाघ बाहेक अन्य बाघहरु मानव वस्तीमा प्रवेश नगर्ने उहाँको भनाई छ ।

'स्वभावको हिसावले बाघ शहर पसेका होइनन् । हाम्रा शहरहरुको विकास बाघको बासस्थानसम्म पुगेको हो । मध्यवर्ती क्षेत्र नजिकका सबै क्षेत्रहरु शहरीकरणमा रुपान्तरित भइरहेका छन् । बाघ संयोगले बाहिरिँदा मानववस्तीमा आएजस्तो देखिएको हो'। उहाँले भन्नुभयो, 'नयाँ बाघहरुले बासस्थान खोज्ने क्रममा वस्तीमा प्रवेश गर्न सक्छन् । बाघ आफ्नो क्षेत्र बनाएर बस्ने भएकाले अर्को बाघसँग लडेर बस्न नसकेको खण्डमा विस्थापित हुने गर्दछ र नयाँ बासस्थानको खोजीमा निस्कन सक्छ । सोही क्रममा वस्ती हुँदै अन्य जंगलमा जान सक्छ ।'

उहाँका अनुसार मानिस बाघको प्राकृतिक आहारा होइन । मानिसको आँखाको उचाई र बाघको आँखाको उचाई कम हुने भएकाले बाघको स्वभाव आफू भन्दा शक्तिशाली ठान्ने डा. कार्कीले बताउनुभयो । बाघले आफ्नो क्षेत्र निर्धारण गर्दा कमलो बोक्रा भएको रुखमा दुई खुट्टा उभिएर नंग्राले चिन्ह लगाउँछ र अर्को बाघ सो क्षेत्रमा देखापरे आफ्नो नंग्राले उचाई नाप्ने र शक्ति दाज्ने उहाँको भनाई छ ।

'बाघको स्वभाव अनुसार उचाई बलको स्वभाव हो । मानिस उभिएर हिँड्दा ५ फिट उचाई र बाघको ३ फिट हुन्छ । जसले गर्दा बाघले मानिसलाई हेर्दा माथितिर हेर्नुपर्छ र उचाई बढी भएकाले बढी शक्तिशाली हुन्छ भन्ने स्वभाव हुन्छ । सोही कारणले बाघ मानिसको आसपास नपर्ने र दायाँबायाँ लाग्ने गर्दछ । मानिसको सुंघ्ने क्षमता बाघको जस्तो हुँदैन । मानिसको तुलनामा बाघको सुंघ्ने शक्ति बढी हुन्छ । त्यसैले मानिस नै बाघसँगको अन्तरक्रियामा पर्ने गर्दछ', उहाँले भन्नुभयो ।

बर्दिया राष्ट्रिय निकुञ्जका पूर्व प्रमुख संरक्षण अधिकृत रमेश थापाका अनुसार बाघ प्रतिस्पर्धा गरेर बाँच्ने प्राणी भएकाले ३ कारणले मात्र जंगलबाट बाहिरिने गर्दछ । बाघ अनुशासित हुने भएकाले बासस्थानका लागि ३ विषय अनुकुल हुनुपर्ने उहाँले बताउनुभयो । बाघको नियमित बासस्थानमा आहारा, पानी र लुक्ने ठाउँ मध्ये कुनै एउटा प्रभावित भएमा विस्थापित हुने थापाको भनाई छ । प्रतिस्पर्धाका क्रममा अरु बाघले खेदेका कारणले जंगलबाट विस्थापित भएर बाघहरु जंगलबाट वस्तीतिर आउन सक्छ । नेपालमा बाघको संख्या बढिरहेकाले आवश्यक पर्ने बासस्थानको क्षेत्र अपुग भएकाले पनि विस्थापित भएर बाहिरिएको हुनसक्ने थापाले बताउनुभयो । नयाँ बासस्थानको खोजीमा निस्केका बखत मानव वस्तीको आसपास पुग्ने गरेको उहाँको भनाई छ ।

'बाघ आफ्नो क्षेत्र निर्धारण गरेर बस्ने गर्दछ । क्षेत्र विस्तार वा नयाँ क्षेत्र निर्धारणका क्रममा जसले जित्यो त्यो त्यही बस्ने, जसले हार्‍यो त्यो कि मर्ने की भाग्ने नै हो । आफ्नो क्षेत्रबाट खेदिएपछि त्यो बाघको बस्ने ठाउँ हुँदैन र अरुले नदेख्ने, आक्रमणमा नपरियोस् भनेर लुक्ने गर्दछ । जसले गर्दा आहाराको कमि हुन्छ र यस्तै बस्तीहरुमा आउने गदर्छ', उहाँले भन्नुभयो, 'सुरुमा यसले गाईबस्तुको शिकार गर्छ र पछि भएपछि मान्छेलाई आक्रमण गर्छ । अहिले वर्षाको समय भएकाले पानी बढी रहेको छ । पानी अभाव नरहेको र बढी पानी भएकाले बाघको बासस्थान डुवानमा परेर अर्को ठाउँको खोजीमा बाहिरिएको हुनसक्छ । बाघ रहेको ठाउँमा आहाराको कमी भएकाले पनि विस्थापित भएको हुनसक्छ ।'

अव्यवस्थित विकास निर्माणको विषयले पनि बाघ तथा वन्यजन्तुको बासस्थान प्रभावित भएको उहाँ बताउनुहुन्छ । उहाँका अनुसार विकास निर्माण व्यवस्थित गर्न नसक्दा वातावरणीय प्रभाव पर्नुका साथै वन्यजन्तुको अवस्थितिमा पनि खलल पुग्ने र बासस्थानबाट बाहिरिने अवस्था रहन्छ । थापाका अनुसार बाघको स्थायी बासस्थान नहुने तर, बाघले आफ्नो क्षेत्र आफैं निर्धारण गर्ने र त्यसलाई विस्तार गर्ने गर्दछ ।

'मानिसहरुलाई देखेपछि बाघ आफैं अर्को बाटो हिँड्ने गर्दछ । अन्य जनावरलाई देखेपनि दायाँबायाँ लाग्ने स्वभाव बाघको रहेको छ । सामान्य अवस्थामा बाघले सोझै अगाडिबाट आक्रमण गर्दैन । असामान्य र तर्सिएको अवस्थामा मानिस र बाघको जम्काभेट भयो भने आक्रमण गर्ने गदर्छ', थापाले भन्नुभयो ।

बाघले आफ्नो निशानामा लिएको जनावरलाई मात्र आक्रमण गर्ने स्वभाव रहेको उहाँले बताउनुभयो । ५० वटा मृगको हुलमध्ये पनि बाघको रोजाईमा परेकोलाई मात्र आक्रमण गर्ने उहाँको भनाई छ । एउटा नसके प्रायः अर्को आक्रमण गर्ने बाघको स्वभाव नहुने उहाँले स्पष्ट पार्नुभयो । क्षेत्रफलको हिसाबले बाघको बासस्थानका लागि उपयुक्त र अनुपयुक्त क्षेत्रको निर्धारण हुने गर्दछ । नेपालमा सन् २०२२ मा ३५५ बाघ गणना गरिएको र नेपालको बर्दियामा सबैभन्दा बढी बाघको बासस्थान रहेको छ । बर्दियामा सानो क्षेत्रमा धेरै बाघको घनत्व रहेको थापाले बताउनुभयो । उहाँका अनुसार प्रति १०० वर्ग किलोमिटर क्षेत्रफलमा ७ देखि ८ वटा बाघहरु बसेको देखिन्छ । तर, केही स्थानमा १३ वटासम्म पनि बसेको पाइएको छ ।

अहिलेको संख्या र निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र तथा अन्य मध्यवर्ती क्षेत्र र सामुदायिक वनको क्षेत्रको हिसावले सन्तुलित रहेको उहाँको भनाई छ । ती क्षेत्रहरुबाट बाघले आफ्नो क्षेत्र तय गरिसेकको र अहिलेको अवस्थामा बाघका लागि बासस्थान, आहार र पानीको व्यवस्था गर्न सके उचित हुने उहाँले बताउनुभयो । 'अहिलेको समयमा बाघहरु बाहिर निस्किएर मानिसहरुमा आक्रमण गर्नु दुर्घटना मान्न सकिन्छ । अहिलेको अवस्थामा बाघ प्रभावित बनेर बाहिर निस्केका होइनन् । समस्या भएर निस्केका बाघहरुको व्यवस्थापनका लागि अन्य विकल्पहरु सोच्नुपर्ने हुन्छ । बाघ विस्थापित भएर बाहिरिँदा त्यो जंगलमा अटाएन वा जंगलमा बाघको आहार तथा बासस्थान र पानीको अनुकुलता भएन भन्ने हो । विस्थापित भएर बाहिरिएका बाघका लागि अनुकुल नयाँ जंगलको व्यवस्था गर्ने, निकुञ्ज आरक्ष तथा संरक्षित क्षेत्रमा बाघहरु राख्न सक्ने अवस्था छैन । अन्य सामुदायिक वन, पार्क, प्राकृतिक स्कुलोजरहरु बनाएर राख्न सकिन्छ । स्थानीय पार्क तथा स्मारकमा पर्यापर्यटनको रुपमा ति बाघहरुलाई व्यवस्थापन तथा संरक्षण गर्न सकिन्छ । बाघलाई समातेर खोरमा हालेर राखिन्छ त्यो वैज्ञानीक समाधानको उपाय होइन ।' थापाले भन्नुभयो ।

## आउँदैनन्...

ले प्रकाशित गरेको हो । सो तथ्यांकअनुसार सन् २०१९ मा विश्व भ्रमण गर्न निक्लिएका पर्यटकको संख्या भेट्टाउन अब लगभग ११ प्रतिशत मात्रै बाँकी रहेको अवस्था छ । हिजोआजको विश्व पर्यटन उद्योगको कुरो गर्दा सन् २०१९ को भन्दा बढी संख्यामा पुग्नचाहिँ २०२५-२६ सम्म लाग्ने अनुमान गरिएको छ । हुन पनि कोरोना (कोभिड-१९) ले पछिल्लो पटक फेरि अस्वाभाविक रूप लिएर फैलिरहेन, लगभग बिदा नै लियो भनौं । त्यसअघि अनेक खालका नयाँ-नयाँ भेरियन्ट (उत्परिवर्तनको रूप) लिएर कोरोना फैलिएको थियो । जस्तै 'अल्फा', 'डेल्टा', 'बेटा', 'गामा', 'ओमिक्रोन' आदि । जे भए तापनि कोरोना भाइरस कसैले नसोचेको स्तरमा (महामारीको रूपमा) फैलिएपछि सन् २०२०, मार्च ११ मा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले विश्वव्यापी रूपमा कोरोना महामारी फैलिएको घोषणा गरेको थियो ।

*(स्रोत: कारोबारदैनिक)*

# हेटौँडा सिटीले निकाल्यो र्‍याली




*र्‍यालीमा सहभागी विद्यार्थीहरु ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, पिप्लेस्थित हेटौँडा सिटी कलेज/जेनिथले कानुन संकायतर्फ कक्षा १२ मा शतप्रतिशत नतिजा आएको खुसियालीमा सोमबार र्‍याली निकालेको छ । शुक्रबार सार्वजनिक भएको कक्षा १२ को परीक्षाफलअनुसार कानुन संकायमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको खुसियालीमा कलेजले र्‍याली निकालेको हो ।

कलेजका प्रशासन तथा आइटी विभागका प्रमुख सुमन्त सिलवालका अनुसार कानुन संकाय अन्तर्गत १० जना विद्यार्थी कक्षा १२ को परीक्षामा सहभागी भएकोमा सबैजना उत्तीर्ण भएका छन् । कलेजकी मधुमिता यादवले सबैभन्दा बढी ३.६६ जीपीए हासिल गरेको उहाँले बताउनुभयो । कलेजले ३ वर्षदेखि अङ्ग्रेजी माध्यमबाट कानुन संकायको अध्यापन गराउँदै आइरहेको छ । सोमबार बिहान कलेज सञ्चालक समितिका अध्यक्ष रमिता पाण्डे, कलेजका प्राचार्य श्रीहादुर कार्की, विभागीय प्रमुख हरिहर खतिवडा र हेमन्त ढुङ्गेल लगायतको सहभागितामा र्‍याली निकालिएको हो ।


# हार्दिक समवेदना



जन्मः २००४/११/२९ **स्व. मोहन कुमारी बज्राचार्य** स्वर्गारोहणः २०८१/०४/१६

यस लोकेश्वर सना (मलामी) गुठीका सदस्य रुवेन्द्र बज्राचार्यको ममतामयी आमा मोहन कुमारी बज्राचार्यको निधनको खबरले हामी मर्माहत भएका छौं । आज सातौं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**लोकेश्वर सना (मलामी) गुठी**
**हेटौँडा, मकवानपुर**

# हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com


# नेपाल फलफूल तथा तरकारी व्यवसायी

हेटौँडा–१, मकवानपुर

**सूचना सूचना सूचना**

उपरोक्त सम्वन्धमा यस नेपाल फलफूल तथा तरकारी व्यवसायी संघका सम्पूर्ण व्यवसायीहरुका आजीवन र साधारण सदस्य छानवीन गर्ने मिति २०८१/०३/१५ गते बसेको बैठकले निर्णय गरेको र नयाँ सदस्य वितरण र नवीकरण मिति २०८१/०४/०४ गते बसेको बैठकले निर्णय गरेको हुनाले सम्पूर्ण व्यवसायी सदस्यहरु सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस)दिनभित्र यस संस्थाको अफिसमा आई सम्पर्क गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**(नोट:** केही समस्या परेमा तल दिइएको नम्बरमा सम्पर्क गर्नु होला ।)

**सम्पर्क नम्बर:**
नवराज शर्मा पौडेल ९८६६६३९२८२, ९८६५०१२०३९
कृष्ण प्रसाद हुमागाई ९८४५८२८५७७, ९८५५०२८५७७
सन्तोषी वर्तौला ९८५५०३०६१६
ऋषि सापकोटा ९८५५०३४७०५
विमल पौडेल ९८५५०१७५१९

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited

Samriddhi Finance — Partnership for Prosperity

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
मुख्य कार्यालयः हेटौँडा, मकवानपुर, फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९
इमेलः info@sfcl.com.np, वेबसाइटः www.sfcl.com.np

## संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०४/२२

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको ५,४४,८९० कित्ता संस्थापक शेयर बिक्रिका लागि निवेदन प्राप्त भएकोले उक्त संस्थापक शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नियमानुसार खरिद गर्न न्यूनतम मूल्य रु. १०० प्रति कित्ता वा सो भन्दा बढी कतिमा लिन चाहेको हो, सो खुलाई सञ्चालक समितिलाई सम्बोधन गरि निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनीबाट शेयर खरिदका लागि निवेदन प्राप्त नभएमा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशनको अधिनमा रहि प्रचलित कानून वमोजिम बाह्य खरिदकर्तालाई संस्थापक शेयर विक्रिका लागि प्रकृया अगाडी बढाइने व्यहोरा जानकारीका लागि अनुरोध गरिएको छ ।

### जनप्रतिनिधिसँग विद्यार्थी कार्यक्रम

# विद्यार्थीले भने विद्यालय नजिकै मदिरा र सुर्तीजन्य पदार्थ विक्री रोक




समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीहरुले जनप्रतिनिधिसँग शैक्षिक तथा भौतिक सामग्री माग गरेका छन् । सोमबार भएको साझेदारी कार्यक्रममा आधुनिकका विद्यार्थीहरुले जनप्रतिनिधि तथा प्रहरीमाझ शैक्षिक तथा भौतिक सामग्री माग गरेका हुन् ।

कार्यक्रममा एक विद्यार्थीले विद्यालयको पर्खाल सानो भएका कारण विद्यार्थीहरु विद्यालयबाट भाग्ने गरेको बताएका छन् । विद्यालय नजिकका पसलहरुबाट सुर्ती, चुरोट तथा मदिरा बिक्री वितरण भएको भन्दै विद्यार्थीले जनप्रतिनिधिको ध्यानाकर्षण गराएका छन् । कार्यक्रममा विद्यार्थीले विद्यालयमा क्यान्टिनको राम्रो व्यवस्था नभएको र खाजा खाने स्थानसमेत नभएको गुनासो गरेका थिए ।

विद्यार्थीको प्रश्नलाई सम्बोधन गर्नुहुँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहमद समिमले अतिरिक्त क्रियाकलापका लागि बजेट विनियोजन गरिएको बताउनुभयो । उहाँले आगामी ३-४ महिनामा करिब ६० लाख रुपैयाँको स्तरीय क्यान्टिन बन्ने विश्वास व्यक्त गर्नुभएको छ । यस्तै, एक महिनाभित्र कम्प्युटर प्रयोगशाला र ई-पुस्तकालय तयार हुने उहाँको भनाइ छ । विद्यालयले एक सय ६९ जना बालक र ७ सय ४ जना बालिकालाई छात्रवृत्ति प्रदान गरेको छ ।

कार्यक्रममा विद्यार्थीहरुले आगामी दिनमा हुने शैक्षिक कार्यक्रम, लागूऔषधसम्बन्धी भएको अनुगमन, वडा नम्बर ४ लाई शिक्षाको केन्द्रविन्दु बनाउने योजना, बालमैत्री घोषणाका योजनासम्बन्धी प्रश्न सोधेका थिए । वडाले चालु आर्थिक वर्षको ५० प्रतिशत बजेट शिक्षामा लगानी गर्ने भएको ४ नम्बर वडाध्यक्ष नवीन सिग्देलले बताउनुभयो । कार्यक्रममा सिग्देलले वडालाई छिट्टै बालमैत्री घोषणा गर्ने बताउनुभएको छ ।

विद्यार्थीहरुले विद्यालयमा खेलकुद सामग्री, चिसो पानीको व्यवस्था, क्यान्टिनको खाजा र खाजा खाने स्थानको व्यवस्था गर्न आग्रह गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले पङ्खा, खेलकुद सामग्री, प्रोजेक्टर, प्रयोगशाला, जेनेरेटर, अतिरिक्त कक्षा सञ्चालन, डस्टविन, सफा खानेपानी, व्यवहारिक कक्षालगायत माग गरेका छन् ।

# शैक्षिकसत्र सुरु भएको ४ महिनापछि संस्थागत विद्यालयको वर्गीकरण

समाज संवाददाता

हेटौँडाः शैक्षिक सत्र सुरु हुनुभन्दा २ महिना अगावै आवेदनका लागि आव्हान गरेर शैक्षिकसत्र सुरु हुनुअगावै संस्थागत विद्यालयको वर्गीकरण तथा शूल्क निर्धारण गर्नुपर्ने व्यवस्था विपरित हेटौँडा उपमहानगरपालिकाको शिक्षा समितिले शैक्षिकसत्र सुरु भएको ४ महिनापछि विद्यालयको वर्गीकरण गरेको छ । हेटौँडा उपमहानगरपालिकाको शिक्षा समितिको गत असार २६ गते र साउन १० गते बसेको बैठकले हेटौँडा उपमहानगर पालिकाका ४० वटा संस्थागत विद्यालयको वर्गीकरण गरेको छ ।

हेटौँडा उपमहानगरपालिका विद्यालय वर्गीकरण तथा शूल्क निर्धारण कार्यविधि-२०७९ को दफा-३ मा विद्यालयले शैक्षिक सत्र सुरु हुनुभन्दा २ महिना अगावै विद्यालय वर्गीकरणका लागि पालिकामा निवेदन दिनुपर्ने व्यवस्था छ । पालिकामा प्राप्त निवेदनउपर आवश्यक अध्ययन गरेर पालिकाको शिक्षा समितिले विद्यालयको वर्गीकरण र शूल्क निर्धारणको काम गर्नुपर्ने व्यवस्था छ । हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले ४ महिनामा विद्यालय वर्गीकरणको प्रक्रिया टुंग्याएको हो । शिक्षा विकास महाशाखाका अधिकृत हरिचन्द्र सापकोटा र पुष्करराज विष्टको नेतृत्वमा जनप्रतिनिधि, प्याब्सन प्रतिनिधिको दुई वटा समूहले विद्यालयको अनुगमन गरेर वर्गीकरणको प्रक्रिया अगाडि बढेको थियो ।

हेटौँडाका ४८ वटा संस्थागत विद्यालयमध्ये जम्मा दुईवटा विद्यालय 'क' वर्गमा परेका छन् । हेटौँडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी र हेटौँडा-११ स्थित हेटौँडा एकेडेमी मात्रै 'क' वर्गमा पर्न सफल भएको हो । 'ख' वर्गमा २७ वटा विद्यालय परेको छ । 'ग' वर्गमा १० वटा विद्यालय परेको छ भने एउटा विद्यालय 'घ' वर्गमा परेको छ । हेटौँडा-५ को रिलायन्स इङ्गलिस बोर्डिङ सेकेण्डरी स्कूल 'घ' वर्गमा परेको हो । हेटौँडाका ८ वटा विद्यालयले स्वमूल्यांकन फारमसमेत भरेका छैनन् । वर्गीकरणको प्रक्रियामा विद्यालयले तयार पारेको स्वमूल्यांकन फारममै आधारित भएर अनुगमन गरिएको थियो । विद्यालय वर्गीकरण गर्नका लागि महाशाखाले ७० बुँदे सूचक तयार पारेको थियो ।

कुल २ सय पूर्णाङ्कको मूल्यांकन गरी ८० प्रतिशतभन्दा माथि अंक प्राप्त गर्ने विद्यालयलाई 'क' वर्गको विद्यालयको रुपमा वर्गीकरण गरिएको हो । ६० देखि ७९.९ प्रतिशत अंक प्राप्त गर्ने विद्यालयलाई 'ख' वर्गमा राखिएको छ । ४० देखि ५९.९ प्रतिशत अंक प्राप्त गर्ने विद्यालयलाई 'ग' वर्गमा राखिएको छ भने ४० प्रतिशतभन्दा कम अंक प्राप्त गर्ने विद्यालयलाई 'घ' वर्गमा राखिएको छ । विद्यालयको पूर्वाधार, विद्यार्थीको सिकाई, टिकाउ दर, उत्तीर्ण दर, शिक्षक, कर्मचारीको अनुपात, वृत्तिविकास, सेवा सुविधा, खानेपानी, शौचालयको सुविधा, प्रयोगशाला, पुस्तकालयको सुविधा, खेल पूर्वाधार लगायतका विद्यालयको बहुपक्षीय मूल्यांकन गरिएको हो ।

### बुधबारदेखि एसईई मौका परीक्षा

# करिब ४ हजार जनाले भरे फारम

समाज संवाददाता

हेटौँडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि (मौका) परीक्षा भोलि बुधबारदेखि सञ्चालन हुँदैछ । साउन २३ बुधबारदेखि ३१ गतेसम्म हुने ग्रेडवृद्धि परीक्षाका लागि मकवानपुर जिल्लाबाट करिब ४ हजार जनाले फारम भरेका छन् । मौका परीक्षाका लागि जिल्लाबाट ३ हजार ८ सय ५७ जना विद्यार्थीले फारम भरेका शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी शाखा अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो ।

मौका परीक्षाका लागि जिल्लाको हेटौँडा उपमहानगरपालिकामा ५ वटा, थाहा नगरपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकमा एक-एक वटा परीक्षा केन्द्र तोकिएको छ । हेटौँडा उपमहानगरपालिकाको श्रमिक माध्यमिक विद्यालय, सिद्धार्थ माध्यमिक विद्यालय, भूटनदेवी माध्यमिक विद्यालय, बालजागृति ईङ्गलिस बोर्डिङ स्कूल र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा केन्द्र तोकिएको हो । यस्तै, बकैयाको बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडे, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय मनहरी र थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालय पालुङमा केन्द्र तोकिएको छ ।

श्रमिक माध्यमिक विद्यालयबाट १६ वटा विद्यालयका ३ सय ३८ जना विद्यार्थीले मौका परीक्षा दिने भएका छन् । सिद्धार्थ माध्यमिक विद्यालयबाट १५ वटा विद्यालयका ३ सय ३९ जना र प्राविधिकतर्फ १० वटा विद्यालयका एकसय ९८ जना विद्यार्थीले परीक्षा दिनेछन् । भूटनदेवी माध्यमिक विद्यालयबाट १६ वटा विद्यालयका ४ सय ८४ जना विद्यार्थी, बालजागृति ईङ्गलिस बोर्डिङ स्कूलबाट १३ वटा विद्यालयका ३ सय ३० जना र आधुनिक राष्ट्रिय माविबाट २५ वटा विद्यालयका ६ सय २५ जना विद्यार्थीले ग्रेडवृद्धि परीक्षा दिनेछन् ।

बकैया गाउँपालिकाको बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडेबाट १५ वटा विद्यालयका ५ सय २३ जना, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालयबाट १३ वटा विद्यालयका ४ सय ८१ जना विद्यार्थी र थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालय पालुङबाट २३ वटा विद्यालयबाट ४ सय ८२ जना विद्यार्थीले मौका परीक्षा दिने भएका छन् ।

परीक्षाको बेलामा आवश्यक सुरक्षा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलले हेर्नेछ । परीक्षाको उत्तरपुस्तिका इकाईले छापेको छ । विद्यार्थीले परीक्षामा एनजी ल्याएका वा उपस्थित हुन नपाएका सबै विषयमा परीक्षा दिन पाउने व्यवस्था मिलाइएको छ । गत वर्षसम्म विद्यार्थीले दुईवटा विषयको परीक्षामात्र दिन पाउने व्यवस्था थियो ।

मकवानपुर जिल्लाबाट एसईई परीक्षामा ५ हजार ९ सय १९ जना विद्यार्थी सहभागी भएका थिए । जसमा ३ हजार ७ सय ६८ जना विद्यार्थीको नतिजा एनजी आएको थियो । परीक्षामा ८५ जना अनुपस्थित भएका थिए ।

# ३,९६७ युनिट रगत वितरण

समाज संवाददाता

हेटौँडाः रक्तसञ्चार केन्द्र हेटौँडाले आर्थिक वर्ष २०८०/०८१ मा ३ हजार ९ सय ६७ युनिट रगत वितरण गरेको हो । केन्द्रले मकवानपुर जिल्लामा मात्र नभई बाहिरी जिल्लाहरुमा समेत रगत वितरण गर्दै आएको छ । केन्द्रको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा ४ सय ८३ युनिट रगत वितरण गरेको थियो । यस्तै, भदौ महिनामा ३ सय ८२ युनिट र असोज महिनामा ३ सय २० युनिट रगत वितरण गरेको हो ।

केन्द्रले कार्तिक महिनामा २ सय ७१ युनिट र मंसिर महिनामा २ सय ७० युनिट रगत वितरण गरेको थियो । पुस र माघ महिनामा क्रमशः ३ सय ५ युनिट र २ सय ६८ युनिट रगत वितरण गरेको केन्द्रको तथ्यांक छ । केन्द्रले फागुन महिनामा २ सय ९२ युनिट र चैत महिनामा २ सय ७२ युनिट रगत वितरण गरेको केन्द्रका प्राविधिक किशोर सापकोटाले बताउनुभयो । आर्थिक वर्ष २०८०/०८१ को बैशाख महिनामा ३ सय १६ युनिट र जेठ महिनामा ३ सय ६७ युनिट रगत वितरण गरेको केन्द्रले असार महिनामा ४ सय २१ युनिट रगत वितरण गरेको रक्तसञ्चार केन्द्र हेटौँडाका प्राविधिक सापकोटाले जानकारी दिनुभयो ।

विभिन्न संघसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रमबाट केन्द्रले ३ हजार ६ सय २५ युनिट रगत संकलण गरेको छ । एक वर्षमा आयोजना गरिएको एकसय १३ वटा रक्तदान कार्यक्रमबाट रक्तसञ्चार केन्द्रले ६ सय १३ जना महिला र ३ हजार १२ जना पुरुषको रगत संकलन गरेको हो । केन्द्रबाट प्राप्त तथ्याङ्कअनुसार साउन महिनामा ४ सय ३५ युनिट, भदौ महिनामा २ सय ३९ युनिट, असोज महिनामा ३ सय ४९ युनिट र कार्तिक महिनामा एकसय ५७ युनिट रगत संकलन भएको थियो । यस्तै, मंसिर महिनामा २ सय ३१ युनिट, पुस महिनामा २ सय ३९ युनिट र माघ महिनामा २ सय ५९ युनिट रगत संकलन गरिएको थियो ।

केन्द्रले फागुन महिनामा २ सय २४ युनिट र चैत महिनामा २ सय ८४ युनिट रगत संकलन गरेको केन्द्रका प्राविधिक सापकोटाले बताउनुभयो । बैशाख महिनामा ४ सय ६८, जेठ महिनामा ३ सय ८७ र असार महिनामा ३ सय ५३ युनिट रगत संकलन गरिएको उहाँले जानकारी दिनुभयो । एकवर्ष भित्र ३ सय ५३ जना रक्तदाताले केन्द्रमै पुगेर रक्तदान गरेका छन् । केन्द्रको तथ्याङ्क अनुसार केन्द्रले गत आर्थिक वर्षमा ३ सय ५२ युनिट सेतो रगत बनाएको छ । प्राविधिक सापकोटाका अनुसार केन्द्रले एक वर्षमा ५ सय पोका रगत लाहान पठाएको छ । रक्तसञ्चार केन्द्रको इमर्जेन्सी रक्तदाताको सूचीमा एकसय ५० जनाभन्दा बढि छन् ।

## बुधबारे बालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक ।**


## शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/२१)*

यस विद्यालयमा रिक्त निजीस्रोत कोटामा कम्प्युटर विषय अध्यापन गर्न शिक्षकको आवश्यकता परेको हुनाले विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/२० को निर्णयअनुसार विज्ञापन प्रकाशन गरिएको छ । तोकिएको मितिभित्र तपसिल वमोजिमको विवरणसहित योग्य नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल** :
**विज्ञापन नं. : ०१/२०८१/८२**
आवश्यक संख्या : १ (एक)
पद : कम्प्युटर शिक्षक ।
तह : आधारभूत तह
न्यूनतम शैक्षिक योग्यता : कम्प्युटर विषय लिई कक्षा १२ उत्तीर्ण वा सो सरह ।
तलब भत्ता : विद्यालय व्यवस्थापन समितिले तोके वमोजिम ।
परीक्षाको किसिम : लिखित तथा मौखिक, प्रयोगात्मक (आवश्यक परेमा मात्र)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८१/०४/२७, दिउँसो ४:०० बजेसम्म
सम्पर्क मिति : २०८१/०४/२८
प्राथमिकता : माथिल्लो योग्यता भएकालाई प्राथमिकता दिइने छ ।

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू :**
१) हस्तलिखित निवेदन १ प्रति
२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
३) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४) हेटौँडाको राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस विद्यालयको च.हि.नं.: १३००१००००२३८९००१ मा रु. १,०००।- जम्मा गरेको सक्कल भौचर १ प्रति ।
**९८४५६२२०५६, ९८५५०७२००१, ९८४५८००९७७, ९८४५४५५६१८**

**प्रधानाध्यापक**
**चन्द्रोय माध्यमिक विद्यालय**
**हेटौँडा-८, बहादुरगन्ज**



**हाम्रो सुमो सेवाको**



**नयाँ प्रस्तुती...**

**छिट्टै सञ्चालनमा आउँदै ।**



**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**



२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

**हेटौँडा-काठमाडौं-हेटौँडा** **हेटौँडा-बीरगन्ज-हेटौँडा**

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

**भेष खड्गी, सञ्चालक**
**हाम्रो सुवो सेवा**
**हेटौँडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)**
**९८४५४-२७२०७, ९८५५०६८८७२**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ